जि.प्र.का.सिरहा द.नं. ८७–०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका–६, सिरहा
फोन नं.: ०३३–५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ७९ पृष्ठः ४ | २०८३ असार ३१ बुधबार (Wednesday 15 July 2026) | मूल्य रु. ५।– | इमेल : mgnd2070@gmail.com

# धामिनी मन्दिरको सरकारी जग्गा अतिक्रमण हटाउन रास्वपाको अल्टिमेटम, साउनभित्र खाली गराउने नगरप्रमुखको प्रतिबद्धता

**मुकेश कुमार यादव**

सिरहा, ३० असार। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) गोलबजार नगर समितिले गोलबजार नगरपालिका ६ स्थित ऐतिहासिक तथा धार्मिक महत्व बोकेको धामिनी माताको मन्दिर र त्यससँग सम्बन्धित नेपाल सरकारको नाममा रहेको सार्वजनिक जग्गा अतिक्रमणमुक्त गराउन पुनः ताकेता गरेको छ। मंगलबार नगर समितिले नगरप्रमुख श्याम श्रेष्ठलाई स्मरण तथा ताकेता पत्र बुझाउँदै मन्दिर परिसरमा व्यक्तिहरूले अतिक्रमण गरी निर्माण गरेका घरटहरा हटाउन तथा सार्वजनिक सरकारी जग्गा संरक्षणका लागि तत्काल प्रभावकारी कदम चाल्न माग गरेको हो।




रास्वपाका नगर सभापति धनेश्वर यादवका अनुसार पार्टीले २०८० फागुन ३० गते नै धामिनी मन्दिरको कित्ता नम्बर असनपुर ७ क ८९ को करिब १ बिघा ४ कट्ठा सार्वजनिक जग्गा अतिक्रमणमुक्त गराउन ज्ञापनपत्र बुझाएको थियो। धमिनि मन्दिरको सोहि कित्ता नम्बरको जग्गामा बिगत लामो समयदेखि स्थानिय मिश्री साहले अतिक्रमण गरि तिनकोठे पक्कि भवन निर्माण गरिएको स्थानियको आरोप छ।

साथै, मन्दिरसँग सम्बन्धित जग्गाको यथार्थ विवरण, नापी–नक्सा, श्रेस्ता, हालको अवस्था तथा अतिक्रमणसम्बन्धी सम्पूर्ण विवरण उपलब्ध गराउन नगरपालिकासँग पत्राचारसमेत गरिएको थियो। तर, ज्ञापनपत्र बुझाएको दुई वर्षभन्दा बढी समय बितिसक्दा पनि नगरपालिकाबाट कुनै लिखित जवाफ, विवरण वा प्रगति प्रतिवेदन प्राप्त नभएको रास्वपा नगर समिति सचिव सन्तोष साहले जनाएको छ। सार्वजनिक सम्पत्तिको संरक्षण तथा सरकारी पत्राचारको जवाफ दिनुपर्ने कानुनी दायित्व हुँदाहुँदै पनि नगरपालिकाले कुनै चासो नदेखाएको भन्दै ताकेता पत्र भुझाएको बताए।

उनले भने, ताकेता पत्रमा धामिनी माताको मन्दिर ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पदासँग जोडिएको स्थल भएकाले त्यससँग सम्बन्धित सार्वजनिक जग्गाको संरक्षण गर्नु स्थानीय सरकारको संवैधानिक तथा कानुनी दायित्व हो। लामो समयसम्म यस विषयलाई बेवास्ता गर्नु सुशासन, पारदर्शिता र जवाफदेहिताको सिद्धान्तविपरीत हुने भन्दै पत्र प्राप्त भएको मितिले सात दिनभित्र माग गरिएका सम्पूर्ण कागजात, विवरण तथा हालसम्म भएका कामको स्पष्ट लिखित जवाफ उपलब्ध गराउन आग्रह गरिएको छ।

रास्वपाले तोकिएको अवधिभित्र

–बाँकी दुई पेजमा

# लाइफ लङ्ग हस्पिटल गोलबजारले गर्‍यो विशेषज्ञ सेवामा वृद्धि

सिरहा, ३० असार। गोलबजारमा सञ्चालित निजी क्षेत्रको अस्पताल "लाइफ लङ्ग हस्पिटल " ले गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न विशेषज्ञ सेवामा विस्तार गरेको छ। डा. अजय जयसवालद्वारा नेतृत्व गरिएको "लाइफ लङ्ग हस्पिटल " गोलबजारमा झण्डै आधा दर्जन विशेषज्ञ डाक्टरहरु थप गरिएको छ। फरक फरक विधाका ५ जना डाक्टरहरु थपिएपछि अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवामा संख्यात्मक र गुणत्मक वृद्धि भएको छ।




थप भएका डाक्टरहरुमा डाक्टर सन्तोष चौधरी रहेका छन्। उनी इन्टरनल मेडिसिन विधामा एमबिबिएस , एमडी हुन्। निकै अनुभवी मानिने डाक्टर चौधरीले ज्वरो, खोकी , दम, उच्च रक्तचाप , निमोनिया , मधुमेह , थाइराइड तथा मुटु सम्बन्धी रोगको उपचारमा विशेष दखल राख्दछन्। त्यसैगरी पाचन प्रणाली , पेट सम्बन्धी अन्य रोग तथा कलेजो रोगका रोगीहरुका लागि पनि डाक्टर चौधरी उपयुक्त हुनेछन्। आन्तरिक मेडिसिनका लागि डाक्टर चौधरीले गुणस्तरीय स्वास्थ्य उपचार सेवा प्रदान गर्नेछन्।

त्यसैगरी "लाइफ लङ्ग हस्पिटल " गोलबजारमा थपिएका अर्का डाक्टर हुन् अरुण कुमार महतो। उनी पुल्मोनो लजिष्ट हुन्। एमबिबिएस, एम डी, डिएम शैक्षिक उपाधी हाँसिल गरेका डाक्टर महतो फोक्सो सम्बन्धी रोगको उपचारतर्फका विशेषज्ञ हुन्। स्लिप एपनियाँ, दम, रुघा खोकी, निमोनियाँ, सिओडिपी एलर्जी, क्षयरोग, ब्रोकोस्कोपी, उपचार तथा परामर्शका लागि रोगीहरु "लाइफ लङ्ग हस्पिटल " गोलबजार गए गुणस्तरीय उपचार सेवा प्राप्त हुने निश्चित छ।

"लाइफ लङ्ग हस्पिटल " गोलबजारमा अर्का डाक्टर ज्ञानेन्द्र

–बाँकी तीन पेजमा





GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

## लामखुट्टेको टोकाइबाट बचौं र बचाऔं

- घर वरिपरि पानी जम्न नदिऔं,
- सुत्दा अनिवार्य रूपमा झुल/मच्छरदानी प्रयोग गरौं,
- लामखुट्टेबाट बच्न पूरा शरीर ढाकिने कपडा लगाऔं,
- घर तथा वातावरण सफा र स्वच्छ राखौं,
- झ्याल–ढोकामा जालीको प्रयोग गरौं,
- डेंगु, मलेरिया जस्ता रोगका लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जाऔं,
- फोहोर व्यवस्थापनमा ध्यान दिई लामखुट्टे बढ्न नदिऔं,
- समुदायस्तरमा सरसफाई अभियान सञ्चालन गरौं।
- सचेतना र सरसफाई नै सुरक्षित जीवनको आधार हो।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## मुसहर बस्तीको वर्षा पीडा

सिरहाको लहान नगरपालिका–१ र २ मा पोखरी तथा भवरा नहरको डिलमा बसोवास गर्दै आएका मुसहर समुदायका लागि वर्षायाम केवल प्राकृतिक मौसम परिवर्तन होइन, प्रत्येक वर्ष दोहोरिने त्रासदी बनेको छ। केही दिनको लगातार वर्षाले घर डुबानमा पर्ने, फुसका टहरा भत्किने, बालबालिका डुब्ने जोखिम बढ्ने र दैनिक मजदुरीसमेत गर्न नसक्ने अवस्था सिर्जना हुँदा उनीहरूको जीवन थप कष्टकर बनेको छ। संविधानले प्रत्येक नागरिकलाई सुरक्षित आवास, खानेपानी, स्वास्थ्य र सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गरे पनि मुसहर समुदाय अझै ती अधिकारबाट टाढै रहेको यथार्थले राज्यको जिम्मेवारीमाथि गम्भीर प्रश्न उठाएको छ। लहान–१ मटियर्वास्थित पोखरीको डिलमा बसोवास गर्दै आएका परिवारहरू वर्षाको पानीले चारैतिरबाट घेरिने अवस्थामा छन्। घरअगाडि पोखरीको पानी जम्ने र पछाडिबाट नालाको निकास नहुँदा पानी घरभित्र पस्ने समस्या वर्षेनी दोहोरिने गरेको छ। कमजोर संरचनाका फुसका घर, बाँसको टाटी र अस्थायी बसोवासका कारण सामान्य वर्षाले पनि ठूलो क्षति पुर्‍याउने गरेको स्थानीयको गुनासो छ। यस्तो अवस्थामा उनीहरूका लागि सुरक्षित निद्रा पनि चुनौती बनेको छ।

भवरा नहरको दुवै किनारमा बसोवास गर्ने सयौँ मुसहर परिवारको पीडा अझ गहिरो छ। आकाशमा कालो बादल मडारिनासाथ उनीहरूमा घर भत्किने, नहरमा बाढी आउने वा बालबालिका डुब्ने डर सुरु हुन्छ। दैनिक ज्यालादारी गरेर परिवार पाल्ने समुदायका लागि वर्षाको समयमा काममा जान नसक्नु अर्को ठूलो समस्या हो। काममा गए बालबालिकाको सुरक्षाको चिन्ता र घरमै बसे परिवारको पेट पाल्ने संकट—यी दुईबीच उनीहरू वर्षौंदेखि पिसिँदै आएका छन्।

मुसहर समुदाय सिराहाका सबै स्थानीय तहमा बसोवास गर्ने अति विपन्न र सुकुमवासी समुदायका रूपमा परिचित छ। अधिकांशसँग आफ्नै जग्गा छैन। सार्वजनिक पोखरी, नहर, सडक किनारा वा सरकारी खाली जग्गामा अस्थायी टहरा बनाएर बस्न बाध्य छन्। यही कारण उनीहरूलाई शौचालय, सुरक्षित खानेपानी, ढल निकास, विद्युत्, स्वास्थ्य सेवा र शिक्षाजस्ता आधारभूत सुविधा उपलब्ध गराउन पनि कठिनाइ हुने गरेको छ। तर यो कठिनाइलाई कारण बनाएर राज्य आफ्नो दायित्वबाट पन्छिन मिल्दैन। मानव अधिकारकर्मीहरूले बारम्बार संविधानले व्यवस्था गरेका मौलिक अधिकारहरूको प्रभावकारी कार्यान्वयन हुन नसकेको भन्दै सरकारको ध्यानाकर्षण गराउँदै आएका छन्। सुरक्षित आवास केवल एउटा घर निर्माणको विषय होइन, यो मानव मर्यादा, स्वास्थ्य, शिक्षा, सुरक्षा र सामाजिक न्यायसँग प्रत्यक्ष जोडिएको अधिकार हो। विपन्न समुदायलाई सुरक्षित वातावरणमा बसोवासको व्यवस्था नगर्दा गरिबी र विभेदको चक्र झन् बलियो बन्दै जान्छ।

लहान नगरपालिका खुला दिसामुक्त घोषणा भएको झन्डै एक दशक बितिसक्दा पनि हजारौँ घरमा अझै शौचालय नहुनु आफैंमा चिन्ताजनक विषय हो। मुसहर बस्तीमा शौचालय निर्माण हुन नसक्नुको मुख्य कारण उनीहरूको अस्थायी र अव्यवस्थित बसोवास रहेको सरोकारवालाहरूको भनाइ छ। तर शौचालय निर्माणलाई केवल भौतिक संरचनाको रूपमा होइन, सुरक्षित आवाससँग जोडेर हेर्न आवश्यक छ। जबसम्म उनीहरूलाई व्यवस्थित बस्तीमा स्थानान्तरण गरिँदैन, सरसफाइ र स्वास्थ्यका कार्यक्रमले अपेक्षित उपलब्धि हासिल गर्न सक्दैनन्।

लहान नगरपालिकाले हालसम्म दुई सयभन्दा बढी सुरक्षित आवास तथा शौचालय निर्माण गरेको जनाएको छ। विभिन्न वडामा सुरक्षित आवास कार्यक्रम विस्तार भइरहेको जानकारी पनि नगर प्रमुखले दिएका छन्। यो सकारात्मक प्रयास भए पनि वास्तविक आवश्यकता र उपलब्धिको तुलना गर्दा अझै धेरै काम बाँकी छ। सयौँ परिवार अझै जोखिमपूर्ण स्थानमा बस्न बाध्य छन्। योजनाहरूको गति, बजेटको पर्याप्तता र लक्षित समुदायसम्म सेवाको प्रभावकारी पहुँच सुनिश्चित गर्न थप सक्रियता आवश्यक देखिन्छ।

नेपालले दिगो विकास लक्ष्यअन्तर्गत सबै नागरिकलाई सुरक्षित र सम्मानजनक आवास उपलब्ध गराउने प्रतिबद्धता जनाएको छ। त्यसैले मुसहर समुदायको समस्या केवल एउटा स्थानीय बस्तीको समस्या नभई सामाजिक समावेशिता, समानता र मानव अधिकारसँग जोडिएको राष्ट्रिय मुद्दा हो। स्थानीय, प्रदेश र संघीय सरकारले समन्वय गरी सुरक्षित आवास, जग्गा व्यवस्थापन, खानेपानी, ढल निकास, शिक्षा र रोजगारलाई एकीकृत कार्यक्रममार्फत कार्यान्वयन गर्न सके मात्र दीर्घकालीन समाधान सम्भव हुनेछ। हरेक वर्ष वर्षायाम सुरु भएपछि मुसहर बस्तीको पीडा समाचारको विषय बन्नु र वर्षा सकिएपछि फेरि ओझेलमा पर्नु दुःखद अवस्था हो। विपन्न समुदायका नागरिकले सुरक्षित जीवन बाँच्न पाउनु कुनै दया वा अनुदानको विषय होइन, यो संविधानले सुनिश्चित गरेको मौलिक अधिकार हो। त्यसैले अब अस्थायी राहतभन्दा स्थायी समाधानतर्फ राज्य गम्भीर बन्नु अपरिहार्य छ। मुसहर समुदायको सुरक्षित भविष्य सुनिश्चित गर्न आज गरिने लगानीले मात्र भोलिका सम्भावित मानवीय क्षति र सामाजिक असमानतालाई कम गर्न सक्नेछ।

# सरकारकै आयु छोट्याउँदै छन् बालेनका सारथी

### सिंहदरबारमा सल्लाहकार र विज्ञहरूमात्र जम्मा गरेर सुशासन वा सफल शासन हुन सक्दैन



प्रतीक प्रधान

प्रधानमन्त्री निवास बालुवाटारको सुरक्षामा खटिएका सुरक्षाकर्मीहरू जसले पुराना सरकारका ताउरमाउर देखेका थिए तिनीहरू अहिले अचम्म छन्। बालुवाटारको प्रधानमन्त्री निवासमा यस्तो सुनसान यसअघि उनीहरूले कहिल्यै देखेका थिएनन्। पाँच बजेपछि न कोही बालुवाटार पुग्छन् न प्रधानमन्त्रीले कसैलाई बोलाउँछन्।

प्रधानमन्त्री बालेन्द्र शाह धेरैपछि त्यस्ता प्रधानमन्त्री भएका छन् जो सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा गएर बिहान नौ बजेदेखि पाँच बजेसम्म काम गर्छन्। करिब पाँच साढे पाँच बजे कार्यालय समयपछि बालुवाटार निवास छिर्छन् र भोलिपल्ट बिहान करिब नौ बजे पुनः कार्यालय जाने समयअघि अधिकांश समय बालुवाटारको ढोका खुलेको हुँदैन। प्रधानमन्त्री शाह निकटका नातेदारसँग पनि खासै भेटघाट गर्दैनन्। भेटघाट हुँदा पनि कसैबाट सरकारको काम कारबाहीसम्बन्धी कुनै प्रकारको सुझाव ग्रहण गर्न रुचि राख्दैनन्।

उनको काम गर्ने र गराउने तरिका अचम्मकै छ। न त सचिवहरूका माध्यमबाट उनले काम गरेको देखिन्छ न त सुरक्षा निकायका प्रमुखकै माध्यमबाट। नेपाल सरकारका सचिवहरूसँगको पहिलो भेटमै उनले सचिवलाई दिएको एउटै निर्देशन थियो – "मेरा सहयोगीहरूलाई सिकाउन नखोज्नुस्, उहाँहरूले भनेको काम गर्नूस्।" त्यसबेला प्रधानमन्त्रीका सहयोगी भनेर मन्त्रीहरू बुझियो र धेरै ठूलो कुरा भएन। तर समयक्रममा उनका सहयोगी मन्त्रीभन्दा बढी उनका सल्लाहकार रहेछन् भन्ने स्पष्ट हुँदै आएको छ।

कतिपय अवस्थामा उनका आफ्नै मन्त्रीहरूले प्रधानमन्त्रीसँग भेट्न पाउँदैनन्। उनका सल्लाहकारसँग आफ्नो कुरा भनेर निस्कनुपर्छ। प्रधानमन्त्री बालेन आफ्नो सचिवालयका केही युवा सल्लाहकारका माध्यमबाट देशको शासन र प्रशासन चलाउने मनसायले अघि बढेको स्पष्ट देखिएको छ जुन उनका लागि र उनको सरकारका लागि प्रत्युत्पादक हुँदै गएको छ। प्रधानमन्त्री कार्यालयमा मात्र होइन अन्य मन्त्रालयहरूमा पनि पढेलेखेका युवाको समूह बनाएर सरकारले गर्ने कामको नियन्त्रण गैरराजनीतिक र गैरप्रशासनिक व्यक्तिलाई दिने कोसिसमा सरकारका निकटस्थहरू सक्रिय भएका छन्। यसले भविष्यको सरकारी काम कारबाहीमा गैरजिम्मेवारी र अन्योलको अवस्था उत्पन्न हुने देखिएको छ।

जनताले राष्ट्रिय स्वतन्त्र पार्टी ( रास्वपा)लाई दुईतिहाइ मत दिएर बालेनलाई शक्तिशाली प्रधानमन्त्री बनाएको सरकारलाई बेवास्ता गरेर समानान्तर कार्यकारी बनाउनका लागि अवश्य होइन होला। अझै सबै कर्मचारीले निवृत्तिभरण रकमका रूपमा जागिर सकिएपछि जीवनभर एउटा निश्चित रकम पनि पाउँछन्। कर्मचारीले मात्र होइन, तिनका पति वा पत्नीले समेत कर्मचारीको मृत्युपश्चात् आधा पेन्सन रकम बुझ्छन्। त्यत्रो ठूलो खर्च र जनशक्तिलाई 'भ्रष्ट' वा 'अक्षम' देखिने गरी राज्य संयन्त्र अल्लारे सल्लाहकारको भरमा चलाउने कोसिस ठूलो भूल हुनेछ।

जनताले तिरेको करको तलब खाएर बसेका करिब पाँच लाख राष्ट्रसेवक कर्मचारी सरकारका औजार हुन्। जसले जसरी चलायो उनीहरू त्यसैगरी चल्छन्। चलाउन नजान्नेले हतियार गलत चलायो भने आफैँ घाइते बन्छ भने चलाउँदै चलाएन भने हतियारमा खिया लाग्छ। सरकारका सचिव र अन्य प्रशासकहरूलाई दिनहुँ उर्दी लगाउन, हप्काउन र काम लगाउन होइन राज्यको स्रोत र साधन कुन विषयमा कसरी केन्द्रित गर्ने भन्ने विषयमा सल्लाहकार र विज्ञहरू राख्नुपर्छ । सरकार त जनताप्रति जिम्मेवार भएका मन्त्रीहरूले संविधान र ऐनले जिम्मेवार बनाएको कर्मचारी प्रशासनलाई काम लगाएर चलाउने हो। यहाँ त कानुनी हैसियत नपाएका लहडी सल्लाहकारहरूले शासन र प्रशासनका सबै क्षेत्रमा आतंक फैलाएका छन्।

धेरै सरकारी कर्मचारी अहिलेको सरकारको काम गर्ने पारा देखेर उदेक मान्दैछन्। तर कारबाहीको आतंक यस्तो फैलिएको छ कि उनीहरू कसैलाई कुनै कुराको गुनासोसमेत गर्न सकेका छैनन्। "बालुवाटारका सल्लाहकारहरूले जे पायो त्यही काम लगाउँछन्। कानुनतः त्यो काम गर्न सकिँदैन, न त त्यस्तो काम लगाउने उनीहरूलाई अधिकार नै छ," एक वरिष्ठ कर्मचारीले यस लेखकसँग हालै गुनासो पोखे।

अहिलेको सरकारको काम कारबाही गर्ने तौरतरिका हेर्दा विधिको शासन कसरी चल्छ भन्ने विषयमा मूर्खतापूर्ण बेवास्ता गरेको देखिन्छ। सरकारले पासपोर्ट छपाइमा बदमासी भएको देख्यो, सम्बद्ध सबैलाई प्रधानमन्त्री कार्यालयमा बोलायो। बोलाउने मात्र होइन अनुभवहीन सल्लाहकारहरूले आफूलाई कुनै जिम्मेवार अधिकारीका रूपमा भन्दा एक कर्कश अपराध अनुसन्धान अधिकारीका रूपमा प्रस्तुत गरे। तर अन्तर्राष्ट्रिय कम्पनीसँग गरिएको व्यापार सम्झौता खारेज गर्ने प्रयास गर्दा आफैँ भड्खालोमा पर्ने कुरा मनन गरेर सुधारका उपाय खोजिँदै छन्।

विधिको शासनको उपहासको पछिल्लो नमुना होल्डिङ सेन्टरमा पनि देखियो। गृहमन्त्रीका एक प्यादाले जेनजी आन्दोलनका नेता र वकिलहरूलाई गिरफ्तार गर्न आदेश दियो अनि नेपाल प्रहरी लुरुक्क परेर सो आदेश मान्न विवश देखियो। सुधन गुरुङ गृहमन्त्री हुन् तर उनका सबै प्यादा नेपाल प्रहरीका हाकिम होइनन्। प्रहरीलाई गिरफ्तार गर्ने र बल प्रयोग गर्ने काममा मात्र लगाउने र आदेश दिने वरिष्ठ अधिकारीको काम मन्त्रीका निजी सहयोगीले गर्ने अवस्था नै विधिको शासनको अनुपस्थिति हो।

असार २९ गते गृहमन्त्रीले अर्को स्टन्ट गरे। आफ्ना केही गुमस्तालाई लगाएर केही मिडियाका अफिसको मूल ढोका छेक्ने गरी मोटर पार्क गर्न लगाए। यो स्टन्ट सरकारले नै गराएको हो रहेछ भन्ने त्यतिखेर प्रमाणित भयो जब प्रहरीले ती मोटरहरूलाई गेटबाट निकाल्नका लागि पूरा दिन लगायो। कान्तिपुरले त आफ्नै स्रोतबाट क्रेन लगाएर निकालेपछि मात्र प्रहरीले ती गाडी जिम्मा लियो। विश्वभर नेपाल सरकारको यो कार्य अर्को हास्यास्पद र बचकनापनको उदाहरणका रूपमा धेरै लामो समयसम्म सुनाउने र हँसाउने कामका लागि प्रयोग हुने भयो ।

वास्तवमा बालेन्द्र शाह इमानदार र देशका लागि केही गरौँ भन्ने सोच भएका व्यक्ति हुन् भन्ने उनका अहिलेसम्मका काम कारबाहीले देखाएको छ। तर कुन काम कसरी गर्ने र कुन विधिले गर्ने भन्ने विषयमा ध्यान पुर्‍याउन नसकेकाले उनको सरकार एकपछि अर्को विवादको भुमरीमा धकेलिँदै गएको देखिन्छ। यो देशको विकास गर्नु, आर्थिक स्तर उकास्नु र गरिब जनताको हकहितमा काम गर्नु कुनै पनि सरकारको उद्देश्य हुनुपर्छ। बालेन्द्र शाहजस्ता इमानदार नेताका लागि यो उद्देश्य एक साध्य हो। तर साध्य पूरा गर्न कस्तो साधन प्रयोग गर्नुपर्छ भन्ने ज्ञान नहुँदा जस्तोसुकै राम्रो कामको परिणाम पनि गलत हुन सक्छ।

कहिलेकाहीँ कुनै साध्य प्राप्त भयो तर साधन ठीक भएन भने त्यसलाई असल नियतले गरिएको काम भन्ने सुविधा हुँदैन। दर्शनमा भनिन्छ – साध्य प्राप्त गर्नुले साधनलाई कहिल्यै सही बनाउन सक्दैन। अर्थात्, कसैले गलत ढङ्गले अर्थोपार्जन गर्छ भने उसलाई आदर्श कर्मवीर भन्न सकिँदैन। त्यस्तै, लाठी र मुङ्ग्रीका भरमा जथाभावी जनतालाई अनुशासित बनाउन खोजिन्छ र यस कार्यमा ऐन, नियम, कानुन र विधिलाई बेवास्ता गरिन्छ भने त्यो आदर्श शासन हुन सक्दैन।

सिंहदरबारमा सल्लाहकार र विज्ञहरूमात्र जम्मा गरेर सुशासन वा सफल शासन हुन सक्दैन। जनताले निर्वाचित गरेर पठाएको व्यक्तिले कार्यकारी अधिकार प्रयोग गर्न सक्छ तर सो अधिकार कानुनले अख्तियार नदिएको व्यक्तिमार्फत प्रयोग गर्न पाइँदैन। प्रधानमन्त्रीको सल्लाहकार हुनु भनेको कुनै सचिव वा कुनै मन्त्रालयको हाकिम हुनु होइन। आफूसँग सम्बन्धित मन्त्रालयका विषयमा जानकारी हासिल गरेर प्रधानमन्त्रीलाई सल्लाह दिएर सहयोग गर्ने काममा मात्र सल्लाहकारहरू सीमित हुनुपर्छ।

कुनैबेला केपी शर्मा ओली प्रधानमन्त्री हुँदा मान्छेहरू राति १२–१ बजे पनि बोलाइन्थे। ओलीजी बिहान २–३ बजेसम्म अनेक मान्छेसँग नाना प्रकारका गफ गरेर बिताउँथे। अहिलेका प्रधानमन्त्रीले त्यसै गर्नुपर्छ भनेको होइन। तर आफूले कुनै पनि कुराको जिम्मेवारी नलिँदा र भेट्नुपर्ने महत्त्वपूर्ण व्यक्ति र समूहलाई समेत नभेट्दा १०३ वर्षको जहानियाँ राणा शासनका समयमा राजाहरूको जस्तो अवस्था हुन्थ्यो उनको पनि सोही अवस्था हुन सक्छ।

## *धामिनी मन्दिरको ...*

जवाफ नआए सम्बन्धित निकायमा जानकारी गराई सार्वजनिक हितको संरक्षणका लागि आवश्यक कानुनी तथा प्रशासनिक प्रक्रिया अघि बढाइने चेतावनीसमेत दिएको छ। यता, ताकेता पत्र बुझ्दै गोलबजार नगरपालिकाका नगरप्रमुख श्याम श्रेष्ठले सार्वजनिक जग्गा संरक्षणमा नगरपालिका प्रतिबद्ध रहेको बताए। उनले भने, यो विषयमा ध्यानाकर्षण गराइदिनुभएकोमा धन्यवाद। सार्वजनिक जग्गा संरक्षणका लागि सबै राजनीतिक दल र सरोकारवालाको सहयोग आवश्यक छ मैले आजै प्रमुख प्रशासकीय अधिकृतलाई आवश्यक प्रक्रिया अघि बढाउन निर्देशन दिइसकेको छु। साउनभित्र धामिनी मन्दिरसहित अतिक्रमणमा परेका सार्वजनिक सरकारी जग्गा खाली गराउने प्रतिबद्धता व्यक्त गर्दछु।

नगरप्रमुख श्रेष्ठले गोलबजार नगरपालिका क्षेत्रमा हजारौं बिघा सार्वजनिक तथा ऐलानी जग्गा रहेको र त्यसको ठूलो हिस्सा विभिन्न व्यक्तिबाट अतिक्रमणमा परेको उल्लेख गर्दै सबै अतिक्रमित सार्वजनिक जग्गा क्रमिक रूपमा खाली गराइने बताए। ऐतिहासिक तथा धार्मिक सम्पदाको संरक्षणसँग जोडिएको विषय भएकाले धामिनी मन्दिरको सार्वजनिक जग्गा अतिक्रमणमुक्त गराउन स्थानीय सरकारले प्रभावकारी पहल गर्नुपर्ने स्थानीयहरुले माग गर्दै आएका थिए।

# 'विपद् रोक्न सकिँदैन, तर घटाउन सकिन्छ'

**टिकाराम सुनार**

काठमाडौं, ३० असार । सुदूरपश्चिम प्रदेशमा ढिलो गरी यही असार १६ गतेदेखि मनसुन सक्रिय भएको छ । यस वर्ष मनसुन ऋतुमा औसतमा कम वर्षा हुने अनुमान छ । सुदूरपश्चिमलगायत केही प्रदेशमा सरदरभन्दा यस वर्ष कम वर्षा हुने सम्भावना ४५ देखि ५५ प्रतिशत रहेको जल तथा मौसम विज्ञान विभागको आकलन छ । जबकी यस वर्ष प्रि–मनसुनमा भने नेपालमा ४५ वर्षयताकै सबैभन्दा बढी पानी परेको अभिलेख छ ।

प्रि–मनसुन सिजनमा नेपालमा औसत २२६ दशमलव तीन मिलिमिटर पानी पर्ने गरेकामा यस वर्ष ३३९ दशमलव सात मिलिमिटर पानी परेको जल तथा मौसम विज्ञान कार्यालय अत्तरियाले जनाएको छ । विभागले सन् १९८१ देखि एक सय २६ वटा वर्षामापन केन्द्रको तथ्याङ्कलाई आधार मानी प्रि–मनसुनको विश्लेषण गर्दै आएको छ ।

जल तथा मौसम विज्ञान विभागको मौसमी आकलनले यस वर्ष प्रदेशका अधिकांश क्षेत्रमा औसतभन्दा कम वर्षा हुने सम्भावना देखाए पनि त्यसले जोखिम घटेको अर्थ भने लगाउन नसकिने जल तथा मौसम विज्ञान कार्यालय अत्तरियाका प्रमुख इन्जिनियर सञ्जयकुमार साहको भनाइ छ । छोटो समयमा अत्यधिक वर्षा हुँदा साना खोला, खहरे र नदीहरूमा आकस्मिक बाढी आउने सम्भावना उत्तिकै रहने भएकाले जोखिम भने उच्च रहेको उहाँले बताउनुभयो ।

"पछिल्ला वर्षहरूमा मौसमको स्वरूप परिवर्तन हुँदै गएको छ । लामो समय पानी नपरे पनि केही घण्टाको मुसलधारे वर्षाले ठूलो क्षति निम्त्याउने क्रम बढिरहेको छ । त्यसैले अब मनसुन व्यवस्थापनको आधार केवल वर्षाको मात्र नभई जोखिमको प्रकृति र पूर्वतयारी हुनुपर्नेछ । त्यहीअनुसार हामीले तयारी अवस्थामा रहनुपर्छ", साहले भन्नुभयो ।

**क्षतिको अवस्था र आकलन**

हरेक वर्ष मनसुन आउँछ । नदीहरू उर्लिन्छन्, पहाड खस्छन्, बस्ती डुब्छन् र उद्धार तथा राहतका टोली परिचालन हुन्छन् । तर एउटा प्रश्न भने वर्षेनी दोहोरिन्छ–के हामी विपद् आउनुअघि पर्याप्त तयारी गर्छौं, कि क्षति भएपछि मात्रै सक्रिय हुन्छौं ? प्रदेश सरकारकै तथ्याङ्कले पनि यो प्रश्नलाई झन गम्भीर बनाउँछ । पछिल्लो दश वर्षमा सुदूरपश्चिममा पहिरो, बाढी, भारी वर्षा र चट्याङका मात्रै एक हजार ३२९ मनसुनजन्य विपद्का घटना भए । ती घटनामा दुई सय ७७ जनाले ज्यान गुमाएका छन् भने ५४ जना बेपत्ता भए । यस्तै, छ सय ७५ जना घाइते भए र १० हजार ७०० परिवार प्रत्यक्ष प्रभावित भए । हजारौँ घर, पुल, गोठ र पशुचौपायामा क्षति पुग्यो ।

प्रदेश विपद् व्यवस्थापन परिषद्को सचिवालयका रुपमा समेत रहेको आन्तरिक मामिला तथा कानुन मन्त्रालयकाअनुसार आर्थिक वर्ष २०८१ मा दुई सय ६१ मनसुनजन्य घटना हुँदा ३२ जनाको मृत्यु भएको थियो । चालु आर्थिक वर्षको असार २६ गतेसम्म सर्पदंश, आगलागी, जनावरको आक्रमण, भारी वर्षा, बाढीलगायत विभिन्न विपद्का नौ सय २६ घटना भएका छन् । ती घटनामा ३५ जनाको मृत्यु भएको छ भने एक हजार ४२८ परिवार प्रभावित भएका मन्त्रालयका उपसचिव पवित्राकुमारी पुरीले जानकारी दिनुभयो ।

यी तथ्याङ्कलाई विगतका अभिलेख मात्र नभई आगामी दिनका लागि चेतावनीका रुपमा समेत लिनुपर्ने उहाँको भनाइ छ । "हरेक वर्षमा विपद्का घटनाको कुरा गर्दा सङ्ख्यात्मक हिसाबले कहिले कम वा बढी घटना होलान्, तर जलवायु परिवर्तनलगायत कारणले मौसमी चक्र र प्रवृत्तिमा आएको बदलावले जोखिम पनि फरक फरक ढङ्गले बढिरहेको छ", पुरीले भन्नुभयो, "त्यस आधारमा हामीले पनि तयारीको रणनीति बदल्नुपर्ने आवश्यकता छ । प्रदेश विपद् व्यवस्थापन परिषद्मा यो विषयमा गम्भीर छलफल हुने गरेको छ र सोहीअनुसार काम गरिरहेका छौं ।"

जल तथा मौसम विज्ञान कार्यालयका अनुसार यस वर्षको मनसुनजन्य जोखिम विश्लेषणले देशभर ५१ हजार ८६८ घरका दुई लाख २६ हजार ६६१ जना प्रभावित हुने भनिएको छ । तीमध्ये सुदूरपश्चिममा सात हजार ६०३ परिवारका ३३ हजार २२७ जना प्रभावित हुने अनुमान रहेको उक्त कार्यालयका प्रमुख इन्जिनियर साहले बताउनुभयो । जिल्लागत हिसाबमा कञ्चनपुरका सबैभन्दा बढी सात हजार १३२ र सबैभन्दा कम दार्चुलामा एक हजार ४६७ जना प्रभावित हुने उहाँले जानकारी दिनुभयो ।

तथ्याङ्कअनुसार कैलालीमा छ हजार १९५, डोटीमा चार हजार ८२०, बाजुरामा तीन हजार ७७६, बैतडीमा तीन हजार ३६२, बझाङमा एक हजार ७६४ र अछाममा एक हजार ६०२ जना प्रभावित हुने अनुमान रहेको छ ।

**प्रदेशमा तयारी**

प्रदेशमा सङ्घीय तहमा रहेका ऐन कानुन, मापदण्ड र कार्ययोजनासँगै मनसुन पूर्वतयारी तथा प्रतिकार्य प्रादेशिक कार्ययोजना–२०७७ (पाँचौं संशोधन–२०८३) र बहुप्रकोप पूर्वसूचना रणनीतिक कार्ययोजना (२०२५–२०३०) कार्यान्वयनमा छ । ती कार्ययोजनाको व्यवस्थाअनुसार मनसुन प्रतिकार्य कमाण्ड पोस्टलाई सक्रिय बनाउने, प्रदेश, जिल्ला र स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई २४सैँ घण्टा सञ्चालन गर्ने तथा सुरक्षा निकाय, स्वास्थ्य संस्था र सम्बन्धित निकायलाई तयारी अवस्थामा राख्ने व्यवस्था गरिएको आन्तरिक मामिला तथा कानुनमन्त्री हीरा सार्कीले जानकारी दिनुभयो । यसैगरी सम्बन्धित निकायलाई विपद्को समयमा तत्काल निर्णय, समन्वय र स्रोत परिचालन गर्ने अधिकारसमेत दिइएको उहाँले बताउनुभयो ।

कार्ययोजनाले प्रदेश सरकारका प्रमुख सचिवको नेतृत्वमा कमाण्ड पोष्टको व्यवस्था गरेको छ । प्रदेशमा हुनसक्ने मनसुनजन्य विपद्को प्रतिकार्यलाई छिटो, छरितो र प्रभावकारी बनाउनका लागि गठन गरिएको उक्त समितिमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभागका प्रदेश प्रमुख, सबै मन्त्रालयका सचिव, कैलालीका प्रमुख जिल्ला अधिकारी रहने व्यवस्था छ । प्रदेश सरकारले स्थानीय तहलाई पनि स्पष्ट जिम्मेवारी तोकेको छ । प्रत्येक पालिकाले मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना कार्यान्वयन गर्ने, ढल र नाला सफा गर्ने, खोला–नदीका निकास खुला राख्ने, खोज तथा उद्धार सामग्री तयारी अवस्थामा राख्ने, स्वयंसेवक परिचालन गर्ने तथा समुदायमा विपद् सचेतना अभियान सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ ।

प्रमुख सचिव वैकुण्ठप्रसाद अर्यालले सुदूरपश्चिमको भौगोलिक भूबनोटका कारण माथिल्लो पहाडी तथा हिमाली क्षेत्रमा भूक्षय, कटान र तल्लो क्षेत्रमा नदी कटान, डुबान, बाढीलगायतको समस्या रहेको बताउनुभयो । सम्बद्ध निकायले सोहीअनुसार आवश्यक तयारी, सतर्कता र विपद्को समयमा शीघ्र उद्धार, अत्यावश्यक सेवा र राहत उपलब्ध गराउन आवश्यक समन्वय गरिएको यसअघि प्रदेश विपद् व्यवस्थापन समितिको बैठकमा जानकारी गराउनुभएको थियो । नेपाल प्रहरीका प्रदेश प्रमुख प्रहरी नायब महानिरीक्षक सानुराम भट्टराईले सीमित स्रोतसाधनका बाबजुत आफूहरूले समयबद्ध रुपमा काम गरिरहेको जानकारी दिनुभयो । "विपद् आकस्मिक रुपमा आउने हो । त्यसैले सोहीअनुसार तयार रहनुपर्छ । नेपाली प्रहरीका हकमा उपलब्ध स्रोतसाधन, तालिमप्राप्त जनशक्तिको तैनाथी र सम्बद्ध निकायसँगको समन्वयमा काम गर्ने विषयमा हामी सधैँ सचेत छौँ । सबैको सामूहिक पहलले जोखिम न्यूनीकरणलगायतका काम गर्न सकिने हाम्रो विश्वास छ", उहाँले भन्नुभयो ।

सशस्त्र प्रहरी बल नेपाल नं ७ वैद्यनाथ बाहिनीका प्रमुख सशस्त्र प्रहरी नायब महानिरीक्षक दिग्विजय सुवेदीले विपद् व्यवस्थापनका लागि सुरक्षा बेस क्याम्प विस्तार, अस्थायी मौसम प्रतिकार्य टोली परिचालन, प्रदेशमा रहेका तालिमप्राप्त जनशक्ति र गोताखोरलाई तयारी अवस्थामा राखिएको बताउनुभयो । उहाँ विपद् जोखिम न्यूनिकरण, उद्धारमा सहज हुने नयाँ उपकरणलगायत अत्यावश्यक सामग्री व्यवस्थापनका लागि प्रदेश सरकारले सहयोग गर्नुपर्नेमा जोड दिनुहुन्छ ।

त्यस कार्यमा सहयोगका लागि सबै विषयगत क्षेत्रहरूलाई कार्य जिम्मेवारीका आधारमा पाँच मन्त्रालयहरूले कार्य सम्पादन गर्ने गरी जिम्मेवारी तोकिएको छ । सामाजिक विकास, भौतिक पूर्वाधार, भूमि व्यवस्था, कृषि तथा सहकारी, आन्तरिक मामिला तथा कानुन र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई क्षेत्रगत जिम्मेवारी तोकिएका छन् ।

**विपद् जोखिम न्यूनीकरणमा साझदारी**

प्रदेशमा विपद् व्यवस्थापन कार्यमा विकास साझेदारले पनि सहयोग गरिरहेका छन् । संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम, फिल्ड कार्यालय सुदूरपश्चिमका प्रमुख वैजयन्तीसिंह गिरी विपद् व्यवस्थापनको कार्ययोजना, आवश्यक रणनीति निर्माणका साथै पूर्वतयारी, आवश्यक प्राविधिक सामग्री सहयोग, राहत तथा उद्धारका काममा आफूहरू प्रदेश सरकारसँगै रहेको बताउनुहुन्छ । विगतदेखि नै यस क्षेत्रमा सहकार्य हुँदै आएको र आगामी दिनमा पनि आवश्यकताअनुसार सहकार्य गरिने उहाँको भनाइ छ ।

नेपाल रेडक्रस सोसाइटीका प्रदेश अध्यक्ष दिलबहादुर बुढाले विपद् जोखिम न्यूनीकरण, राहत तथा उद्धारका काममा आफूहरूले प्रदेश सरकारसँग मिलेर काम गरिरहेको बताउनुहुन्छ । रेडक्रसले गैरखाद्य सामग्री, दक्ष जनशक्तिलाई तयारी अवस्थामा राखेको र आवश्यकताअनुसार अन्य प्रदेश तथा केन्द्रको सहयोग लिई राहत तथा उद्धारको काम गरिने उहाँको भनाइ छ ।

प्रदेशमा पूर्वसूचनालाई प्रभावकारी बनाउने प्रयास गरिएको छ । जल तथा मौसम विज्ञान विभागले तीन दिनसम्मको मौसम तथा बाढीको पूर्वानुमान नियमित अद्यावधिक गर्ने, साना नदी तथा खहरेमा सम्भावित बाढीको दुईदेखि छ घण्टाअघि नै चेतावनी दिने व्यवस्था मिलाएको छ ।

जलवायु परिवर्तन र विपद् व्यवस्थापन क्षेत्रमा क्रियाशील धनगढीका डण्डीराज सुवेदी नागरिक ज्युज्यान र अन्य सम्पत्तिको सुरक्षाका लागि सबै सजग रहनुपर्ने धारणा राख्नुहुन्छ । उहाँ भन्नुहुन्छ, "विपद् व्यवस्थापनको सफलता राहत सामग्री वितरणको परिमाणले होइन, जोगिएका जीवनको संख्याले मापन हुन्छ । त्यसका लागि सरकारले योजना बनाउनु मात्र पर्याप्त हुँदैन ।"

स्थानीय तहको सक्रियता, समुदायको सचेतना, समयमै सूचना प्रवाह र नागरिकको जिम्मेवार व्यवहार उत्तिकै आवश्यक हुने भएकाले त्यस आधारमा मौसमी विपद् रोक्न नसके पनि क्षति घटाउन महत्वपूर्ण योगदान पुग्ने विश्वास गरिएको छ ।

# वर्षासँगै मधेशमा गर्मी घट्यो, रोपाइँको चटारो बढ्यो

**जनार्जन खत्री**

सर्लाही, ३० असार । तीन दिनदेखि लगातार वर्षा भएपछि मधेश प्रदेशमा गर्मी घटेको छ वर्षाका कारण तत्कालका लागि गर्मी कम हुँदा सर्वसाधारणले राहत महसुस गरेका छन् । मधेशका अधिकांश क्षेत्रमा आइतबार रातिदेखि निरन्तर वर्षा भइरहेको छ । भारी वर्षा नभए पनि लगातार सिमसिम पानी परिरहेकाले गर्मीबाट राहत मिलेको रौतहटको चन्द्रपुर नगरपालिका–गैँडाटारका स्थानीय केदारप्रसाद तिमल्सिनाले बताउनुभयो ।

उहाँका अनुसार वर्षा भएपछि अहिले अधिकांश किसान धान रोपाइँमा व्यस्त छन् । अघिल्लो सातासम्म सुक्खाजस्तै रहेका मधेशका खोलानालामा अहिले पानीको बहाव बढेको छ भने किसानको सिँचाइ समस्या पनि केही हदसम्म समाधान भएको छ । महोत्तरीको बर्दिबासकी राधा न्यौपानेले गर्मीबाट प्रभावित भइरहेका बेला तीन दिनदेखि निरन्तर वर्षा भएपछि शीतलता महसुस भएको बताउनुभयो । वर्षाका कारण बाहिर हिँडडुल गर्न भने समस्या भइरहेको उहाँको भनाइ छ ।

मधेशमा विशेषगरी रातको समयमा बढी वर्षा भइरहेको छ । लगातार वर्षाका कारण सर्लाही, महोत्तरी, धनुषा र सिरहामा निर्माणाधीन पूर्व–पश्चिम (महेन्द्र) राजमार्ग हिलाम्मे हुनुका साथै थप जीर्ण बनेपछि यात्रु र चालकले सास्ती भोगिरहेका छन् ।

सर्लाहीको नवलपुरका बस व्यवसायी दीपक श्रेष्ठले वर्षापछि महेन्द्र राजमार्गसहित अन्य सडकको अवस्था अत्यन्त खराब बनेको बताउनुभयो ।

लगातारको वर्षापछि बागमती, लालबकैया, बकैया, लखनदेही, रातु, कमला, कोशी लगायत मधेश प्रदेशका नदी तथा खोलामा पानीको सतह बढेकाले सतर्कता अपनाइएको छ । बाढी तथा डुबानको सम्भावनालाई मध्यनजर गर्दै नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीलाई तयारी अवस्थामा राखिएको छ । सर्लाहीका सहायक प्रमुख जिल्ला अधिकारी होमप्रसाद घिमिरेले अहिलेसम्म ठूलो डुबानको समस्या नदेखिएको बताउनुभयो ।

लगातार वर्षाका कारण पानी निकास नहुने क्षेत्र जलमग्न भएका छन् । कच्ची घरका बारबेरामा क्षति पुगेको, खाल्डाखुल्डी भएका सडकमा पानी जमेर आवतजावतमा समस्या देखिएको छ । यस्तै, केही दिनयता मधेश प्रदेशका विभिन्न स्थानमा विद्युत् अवरोधको समस्या पनि बढेको छ । वर्षा नहुँदा अघिल्लो सातासम्म मधेश प्रदेशमा आधाभन्दा बढी क्षेत्रमा धान रोपाइँ हुन सकेको थिएन । अहिले पर्याप्त पानी परेकाले केही दिनभित्रै रोपाइँ सम्पन्न हुने अवस्था रहेको कृषि ज्ञान केन्द्रहरूले जनाएका छन् ।

## *लाइफ लङ्ग हस्पिटल...*

यादव थपिएका छन् । उनी पनि एमबिबिएस, एमएस, (टियुबाट युसिएमसी) हुन् । बरिष्ठ जनरल तथा ल्याप्रोसकोपी सर्जन हुन् । सुविधा सम्पन्न शल्यक्रिया कक्ष रहेको "लाइफ लङ्ग हस्पिटल" मा अब डा. ज्ञानेन्द्र यादवका रुपमा सक्षम सर्जन पनि उपलब्ध छन् । त्यसैगरी "लाइफ लङ्ग हस्पिटल" गोलबजारमा सञ्जय कुमार यादव (एमबिबिएस, एमडी) पनि सशरीर उपस्थित भएर उपचार सेवा प्रदान गरिरहेका छन् । बाल तथा नवजात शिशु विशेषज्ञका रुपमा डा. सञ्जयको गुणस्तरीय स्वास्थ्य उपचार सेवाले यस क्षेत्रमा हरेक बालबालिकालाई लाभान्वित गराउन सक्छ । आफ्ना बालबालिकालाई उपचारका लागि निर्धक्क भएर "लाइफ लङ्ग हस्पिटल" लैजान सकिन्छ भन्छन् डा. अजय जयसवाल ।

"लाइफ लङ्ग हस्पिटल" गोलबजारमा अर्थोपेडिक सर्जन डाक्टर विनोद सिंह पनि उपलब्ध छन् । हाड जोनी तथा हाड फ्याक्चर भएको ठन्की भाँच्चिएको, जोड प्रत्यारोपण सेवा, ढाड घाँटी तथा नशा सम्बन्धी उपचार र पुनर्स्थापना फिजियोथेरापी सम्बन्धी सम्पूर्ण सेवाका लागि "लाइफ लङ्ग हस्पिटल" गोलबजारमा गए डा. विनोद सिंहको विज्ञताले रोग निदान हुने छ ।

अर्को एक महत्वपूर्ण विधा स्त्री रोग । यसका लागि गाइनोक्लोजिष्ट डाक्टर शवनम यादव पनि "लाइफ लङ्ग हस्पिटल" गोलबजारमा उपलब्ध रहेकी छन् । महिलाहरुको संवेदनशीलता बुझेर "लाइफ लङ्ग हस्पिटल" गोलबजारले एमबिबिएस, एमडी शैक्षिक उपाधी प्राप्त तथा अनुभवी डाक्टर शवनमलाई हस्पिटलमा उपलब्ध गराएको छ । स्त्री रोग निदान तथा परामर्श सेवाका लागि डा शवनम "लाइफ लङ्ग हस्पिटल" गोलबजारमा उपलब्ध छिन् ।

निजी क्षेत्रको अस्पताल भए पनि अति सस्तो, सुलभ दर रेटमा उच्च गुणस्तरीय स्वास्थ्य उपचार तथा परामर्श सेवा उपलब्ध गराउँदै भएको "लाइफ लङ्ग हस्पिटल" गोलबजार यस क्षेत्रका निम्न तथा मध्यम वर्गीय समुदायको आशा र भरोसाको केन्द्र बनेको छ । कम खर्चमा रोगीलाई निरोगी बनाउने यस "लाइफ लङ्ग हस्पिटल" को विशेषताले गर्दा गोलबजार क्षेत्रमा यो अस्पताल निकै विश्वासिलो र भरपर्दो बनेको छ ।

# मधेशका पूर्वप्रदेश प्रमुख राजेश अहिराज जबरजस्ती करणी मुद्दामा दोषी ठहर



काठमाडौं, ३० असार। मधेश प्रदेका पूर्वप्रदेश प्रमुख राजेश अहिराज(राजेश झा) जबरजस्ती करणी (बलात्कार) मुद्दामा दोषी ठहर भएका छन्।

सोमबार काठमाडौं जिल्ला अदालतमा न्यायाधीश चन्द्रकान्त पौडेलको इजलासले अहिराजलाई दोषी ठहर गरेको हो। इजलासले दोषी ठहर गरेपनि सजाय भने तोकेको छैन। सजायका लागि आगामी ३२ गते सजाय निर्धारणका लागि अर्को पेसी तोकिएको छ।

# आत्मदाह प्रयास गरेका सर्लाहीका मण्डलको निधन

काठमाडौं, ३० असार। आत्मदाह प्रयास गरेका सर्लाही गोडैता नगरपालिकाका विवेक मण्डलको उपचारका क्रममा आज निधन भएको छ। गत शुक्रबार सर्लाहीमा आत्मदाहको प्रयास गरेका मण्डलको हेलिकप्टरमार्फत उद्धार गरी काठमाडौंको कीर्तिपुरस्थित बर्न अस्पतालमा उपचारत अवस्थामा आज बिहान २:०५ बजे निधन भएको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता, प्रहरी उपरीक्षक (एसपी) पवनकुमार भट्टराईले जानकारी दिनुभयो। २५ वर्षीय मण्डललाई अस्पतालको सघन उपचार कक्षमा राखेर उपचार गरिएको थियो। आफूमाथि पेट्रोल खन्याएर आत्मदाहको प्रयास गरेका मण्डलको शरीरको ८० प्रतिशत बढी भाग जलेको थियो।

# मधेस प्रदेशका गृहमन्त्रीको काम स्टन्टमै सीमितः फेरि जनकपुरको फुटपाथ र सडकपेटी अतिक्रमण

जनकपुरधाम, ३० असार। ३ महिना अघि मधेस प्रदेशका गृहमन्त्री फकिरा महतो आफैँ सक्रिय रुपमा खटिएर जनकपुर नगरभित्रका मुख्य सडक पेटी र फुटपाथलाई अतिक्रमणमुक्त बनाएका थिए। उनी सडक पेटी र फुटपाथ कब्जा गरेर व्यापार व्यवसाय गर्नेहरुमाथि आक्रामक रुपमा प्रस्तुत भएका थिए।

गृहमन्त्री नै सक्रिय भएर फिल्डमा उत्रिएपछि सडक छेउको फुटपाथ कब्जा गर्ने कतिपयले आफैँ ती क्षेत्र खाली गरे भने कतिपयलाई जबर्जस्ती खाली गराउन प्रहरी सक्रिय भएका थिए। परिणामस्वरुप जानकी मन्दिर वरपरका क्षेत्र, अस्पताल रोड, रामानन्द चोक, शिव चोक, जनक चोक, पिडारी चोक सफासुग्घर र व्यवस्थित भएसँगै यो मार्ग प्रयोग गर्ने धार्मिक पर्यटक, विद्यार्थी तथा सर्वसाधारणलाई निकै सहज भएको थियो।

त्यसै पनि जनकपुर फोहरले बदनाम भएको सहर हो। स्थानीय तहले उचित ढंगबाट फोहर व्यवस्थापन गर्न नसक्दा नगरभित्र जहाँतहीँ फोहरको डङ्गुरमात्र देखिने गरेको छ। एकातर्फ फोहर र अर्कातर्फ सडक पेटी नै कब्जा गरेर व्यापार व्यवसाय गरिदिँदा पैदल यात्रीले समेत मूल सडक प्रयोग गर्नुपर्ने बाध्यता थियो, जसका कारण सवारी दुर्घटना पनि बढ्ने गरेको थियो।

फुटपाथ र सडक पेटी अतिक्रमित भएकै कारण ईरिक्सा व्यवस्थापन हुन नसक्दा नगर क्षेत्रभित्र पैदल र साईकल यात्रुहरुको कन्तविजोग नै हुने गरेको थियो। जनकपुर उपमहानगरपालिका, उद्योग वाणिज्य संघ, जिल्ला प्रहरी कार्यालय र ट्राफिक प्रहरी कार्यालय लगायतका निकायसँगको समन्वयमा प्रदेश सरकारका गृहमन्त्री महतो आफैँ फिल्डमा उत्रिएपछि अतिक्रमित क्षेत्र खाली गराउन सफल भएका थिए।

विश्वमै प्रख्यात जनकपुरको जानकी मन्दिरमा विगतको तुलनामा अहिले भारतीय पर्यटकको आवागमन निकै बढेको छ। दिनहुँ हजारौंको संख्यामा भक्तालुहरु मन्दिर दर्शन गर्न आउने गरेका छन्। मन्दिर नजिकको सडक पेटी विगतमा खाली गराइएका कारण निकै आकर्षक देखिनुका साथै मन्दिर दर्शन गर्न आउने दर्शनार्थीलाई समेत सहज भएको थियो। तर ३ महिना नबित्दै जनकपुरका फुटपाथ तथा सडक पेटी उही पुरानै ढर्रामा फर्किएका छन्।

रामानन्द चोकदेखि जानकी मन्दिर जाने मूल बाटोमै जनकपुर प्रादेशिक अस्पताल छ। अस्पताल भएका कारण यो सडकमा निकै भिडभाड हुने गर्दछ। दिउँसो यो सडकखण्डमा सधैँ जाम हुन्छ। 'गृहमन्त्री महतो आफैँ सक्रिय भएर फिल्डमा खटिएपछि यो सडकको अवस्था निकै सुधि एको थियो', जनकपुर–१३ का ईरिक्सा चालक रामलाल पासवानले भने, 'अहिले यो सडकको अवस्था पुनः पुरानै अवस्थामा फर्किएको छ।'

पासवानका अनुसार प्रदेशको गृहमन्त्री आफैँ सक्रिय भएर लागेपछि राम्रो भइसकेको कामलाई निरन्तरता दिलाउन नसक्नु उनकै कार्यक्षमता माथिको प्रश्न पनि हो।अहिले मुख्यगरी रामानन्द चोक, पिडारी चोक र अस्पताल रोडको सडकको आधा भाग नै कब्जा हुने गरी फलफूल, तरकारीका ठेलाले ढाकिएको हुन्छ। जसका कारण सडक भएर हिँडडुल गर्नेहरु समस्यामा पर्ने गरेका त छन् नै, सडकको व्यस्तता भन्नै बढेको छ।

अस्पताल रोडमा सडकको दायाँबायाँ दर्जनौँको संख्यामा ४ पाङ्ग्रे ठेला बिहानैदेखि राति ८–९ बजेसम्म राखिएको हुन्छ। जनकपुरधाम उपमहानगरपालिका–१० देवी चोकका संजीव कर्णले भने, 'अहिले यो सडक भएर गृहमन्त्री हिँड्दैनन् होला र ? आफैँ सक्रिय भएर राम्रो भइसकेको अवस्थालाई निरन्तरता दिलाउन ध्यान दिनुपर्दैन ?' जनकपुरको भानु चोकमा भेटिएका एक सरकारी कर्मचारीले मधेसको सबैभन्दा कमजोर पक्ष भनेकै कुनै पनि कामलाई निरन्तरता नदिनु रहेको बताए। 'आफूलाई अब्बल देखाउन स्टन्टबाजीको रुपमा काम गर्ने, पछि त्यसलाई निरन्तरता दिलाउन नसक्ने मधेसको मुख्य समस्या हो,' उनले भने, 'राज्यले एकपटक गरिसकेको कामलाई निरन्तरता दिन नसक्नुमा अरुको भन्दा बढी दोष राज्यकै हुन्छ।'

जनकपुर रेल्वे स्टेशनमा भेटिएका बब्लु गुप्ताले सरकार परिवर्तन भएको अवस्थामा पुरानो सरकारको कामलाई नयाँ सरकारले निरन्तरता नदिएका उदाहरण भए पनि आफैँले गरेका निर्णय र कामलाई सरकारले निरन्तरता दिन नसक्नु अनौठो रहेको बताए। 'अनुगमन, नियमन गर्ने कुरामा मन्त्रीको सचिवालयमा बसेकाहरुले ध्यान दिनुपर्ने हो नि,' उनले भने।

मधेस प्रदेश सरकारको गृह, सञ्चार तथा कानुन मन्त्रायका प्रवक्ता राधेशंकर प्रसाद पालले रातोपाटीसँग भने, 'मन्त्रीज्युको काममा जनकपुर उपमहानगर पालिकाका मेयरसाबले सहयोग गर्नुभएन। हरेक पटक असहयोगमात्रै गरेका कारण सडक व्यवस्थापनको काममा अवरोध हुन पुगेको हो।' उनका अनुसार यो काममा स्थानीय तहले सहयोग गर्नुपर्नेमा विभिन्न कानुनी अड्चन देखाउँदै असहयोग हुँदा मन्त्रीले यसलाई निरन्तरता दिन नसकेका हुन्।

जनकपुरलाई पर्यटकीय नगरीको रुपमा विकास गर्ने लक्ष्यसहित मधेस प्रदेश सरकार लगायत स्थानीय तहले विभिन्न कार्यक्रम अगाडि बढाएको छ। नगरको सरसफाइ र सौन्दर्यीकरणका काम अगाडि बढाइएको छ, जसमा लाखौँ बजेट पनि खर्चिएको छ, तर विकास, पूर्वाधार र जनताको मुद्दालाई स्थानीय र प्रदेश सरकारले आपसमा समन्वय गरेर अगाडि लानुको साटो एकले अर्कालाई असहयोग गर्नुले जनतामाथि नै अन्याय भइरहेको स्थानीयबासीको बुझाई छ।

# अव्यवस्थित ट्राफिक राजविराजको बढ्दो चुनौती

**विनय कर्ण**

सप्तरी, ३० असार। नेपालमै पहिलो पटक योजनाबद्ध 'टाउन प्लानिङ' अवधारणाअनुसार २०१६ सालमा स्थापना भएको राजविराज नगरपालिकाले ६७ वर्ष पूरा गरिसकेको छ। फराकिला सडक, व्यवस्थित बस्ती र आधुनिक सहरको परिकल्पनासहित निर्माण गरिएको यो नगर अहिले भने अव्यवस्थित ट्राफिक, जथाभावी पार्किङ र फुटपाथ अतिक्रमणका कारण आफ्नो पहिचान गुमाउँदै गएको छ। राजविराजका मुख्य सडकमा बिहानदेखि साँझसम्म सवारीसाधनको चाप बढ्दो छ। सडक किनारमा जथाभावी पार्किङ, फुटपाथमा पसल तथा साइनबोर्ड राख्ने प्रवृत्ति र ई-रिक्साको अव्यवस्थित सञ्चालनका कारण दैनिकजसो ट्राफिक जाम हुने गरेको छ यसले सर्वसाधारण यात्रुलाई मात्र होइन, आपत्कालीन सेवामा खटिने एम्बुलेन्ससमेत प्रभावित हुने गरेका छन्।




विशेषगरी अदालत रोडमा जिल्ला अदालतदेखि राममन्दिरसम्म, नेताचोकदेखि हनुमाननगर रोडको मोडसम्म तथा राममन्दिरदेखि सिरहा रोडसम्म दैनिकजसो सवारी जाम हुने गरेको स्थानीयवासी बताउँछन्। फुटपाथ अतिक्रमणका कारण पैदलयात्रीले सडकबाटै हिँड्नुपर्ने अवस्था सिर्जना भएको छ, जसले दुर्घटनाको जोखिमसमेत बढाएको छ। राजविराज–७ का श्याम मण्डलले ट्राफिक व्यवस्थापनमा नगरपालिकाको उदासीनताका कारण समस्या बढ्दै गएको बताउनुभयो। उहाँका अनुसार नगर प्रहरीको अभाव र व्यवस्थित पार्किङस्थल नहुँदा ट्राफिक नियम प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेको छैन।

राजविराजका अग्रज पत्रकार मनोजकुमार माझीले नगरपालिकाले पार्किङका लागि छुट्टै स्थान निर्धारण गर्न नसक्नु र फुटपाथ अतिक्रमण नियन्त्रणमा प्रभावकारी कदम चाल्न नसक्नु समस्याको मुख्य कारण भएको बताउनुभयो। जिल्लाका विभिन्न स्थानबाट आउने ई-रिक्साका लागि छुट्टै स्ट्यान्डको व्यवस्था गर्न सके ट्राफिक जाम धेरै हदसम्म कम गर्न सकिने उहाँको सुझाव छ। सडकमा जथाभावी पार्किङ हुँदा सडक साँघुरो बन्ने र पैदलयात्री सडकबाटै हिँड्न बाध्य हुने भएकाले दुर्घटनाको जोखिमसमेत बढेको स्थानीयको भनाइ छ।

राजविराज नगरपालिकाकी कार्यवाहक नगरप्रमुख इसरत परवीनले ट्राफिक व्यवस्थापनलाई प्राथमिकतामा राखिएको बताउनुभयो। प्रमुख जिल्ला अधिकारी, ट्राफिक प्रहरी तथा अन्य सरोकारवालासँग समन्वय गरी जथाभावी पार्किङ नियन्त्रण, फुटपाथ खाली गराउने र नगरको ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाउने निर्णय गरिने उहाँले जानकारी दिनुभयो। नगर प्रहरी भर्ना प्रक्रिया अघि बढिसकेको र त्यसपछि नियम कार्यान्वयन थप प्रभावकारी हुने अपेक्षा गरिएको उहाँको भनाइ छ।

स्थानीयका अनुसार राजविराजको समस्या केवल ट्राफिक जाममा सीमित छैन, यो समग्र नगर व्यवस्थापनसँग जोडिएको चुनौती हो। राजविराज–७ का वडा सदस्य रामानन्द देवले सहरको सुन्दरता जोगाउन, दुर्घटना न्यूनीकरण गर्न र नागरिकलाई सहज आवागमनको वातावरण उपलब्ध गराउन दीर्घकालीन ट्राफिक व्यवस्थापन योजना कार्यान्वयन गर्नुपर्ने बताउनुभयो। पार्किङ क्षेत्र निर्धारण, फुटपाथ अतिक्रमण हटाउने, ई-रिक्सा सञ्चालनलाई व्यवस्थित गर्ने, ट्राफिक नियमको कडाइका साथ कार्यान्वयन गर्ने तथा नगर प्रहरीलाई प्रभावकारी रूपमा परिचालन गर्न सके राजविराजले आफ्नो पुरानो गौरव पुनः प्राप्त गर्ने उहाँले विश्वास व्यक्त गर्नुभयो।

# पर्यटकीय पूर्वाधारमा केन्द्रित जनकपुरधाम

जनकपुरधाम, ३० असार। जनकपुरधाम उपमहानगरपालिकाले सफा, स्वच्छ, सुन्दर नगर बनाउने उद्देश्यका साथ आफ्नो नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ। उपमहानगरपालिकाको १५औँ नगरसभामा सोमबार नीति तथा कार्यक्रम प्रस्तुत गर्नुहुँदै नगरप्रमुख मनोजकुमार साहले 'स्वच्छ, सुशासित, समृद्ध पर्यटकीय तथा सांस्कृतिक जनकपुरधाम'को परिकल्पनालाई साकार पार्ने पर्यटकीय पूर्वाधार विकासमा जोड दिने घोषणा गर्नुभयो।

आगामी आर्थिक वर्ष शिक्षा, स्वास्थ्य र पूर्वाधार विकासलाई विशेष प्राथमिकता दिइएको उल्लेख गर्नुहुँदै नगरप्रमुख साहले अधुरा योजना सम्पन्न गरिने बताउनुभयो। यस्तै जनकपुरधाम उपमहानगरपालिकाले आगामी आवका लागि रु दुई अर्ब ६५ करोड २० लाख ३२ हजारको बजेट प्रस्तुत गरेको छ। नगरसभामा वडा नं १६ का वडाध्यक्ष रामचन्द्र पञ्जियारले प्रस्तुत गर्नुभएको बजेटमा चालुतर्फ रु एक अर्ब ४२ करोड ७७ लाख नौ हजार र पुँजीगततर्फ रु एक अर्ब २२ करोड २२ लाख ५३ हजार विनियोजन गरिएको छ।

गरी रु दुई अर्ब ६५ करोड २० लाख ३२ हजारको बजेट प्रस्तुत गर्नुभयो। प्रस्तुत बजेटमा आर्थिक विकासतर्फ रु पाँच करोड ९४ लाख ५४ हजार ४०६ र सामाजिक विकासतर्फ रु ८३ करोड २८ लाख ९८ हजार ७६२ विनियोजन गरिएको छ। पूर्वाधार विकासतर्फ रु ९१ करोड २२ लाख ७८ हजार ८३०, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रका लागि रु ३१ करोड ७४ लाख र कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चतर्फ रु ५३ करोड रकम विनियोजन गरेको वडाध्यक्ष पञ्जियारले जानकारी दिनुभयो।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार:** कृष्ण प्रसाद ढंगाल **कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)